"समृद्ध राप्ती नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार"

# समृद्ध राप्ती ई-बुलेटिन

२०८० माघ १५ गते सोमवार
Monday, Jan 29 2024
• वर्ष-१ | • अंक-१

Email :rraptimunicipality42@gmail.com

समृद्ध राप्ती - ई बुलेटिन | web :www.raptimunchitwan.gov.np | SAMBRIDHHA RAPTI – E-bulletin


# कान्दाका चेपाङ महिलाको प्रश्न
# बच्चा जन्माउन नसकेर ज्यान गुमाउनु पर्ने अबस्थाको अन्त्य कहिले हुन्छ ?





राप्ती । राप्ती नगरपालिकाले नगरबासीको समस्या,गुनासो र त्यसको सामधानको लागि जनतासंग मेयर कार्यक्रम सुरु गरेको छ । दोस्रो सस्करणको पहिलो कार्यक्रम वडा नं १३ को कान्दा वाट सुरु भएको हो । कान्दामा आयोजना गरिएको उक्त कार्यक्रममा चेपाङ महिलाहरुले भोग्दै आएको समस्या मेयर शमशेर लामासंग सुनाएका छन् । जिल्लाकै विकट क्षेत्र भनेर चिनिने कान्दाका महिलाहरुले सुत्केरी हुँदा मृत्यबरण गने अबस्थाको अन्त्य महिले हुन्छ भनेर मेयर शमशेर लामासंग प्रश्न समेत गरेका छन् । विकट बस्तीमा स्वास्थ्य सेवाको प्रभावकारित हुन नसक्दा यहाँका महिलाहरुले अकालमै ज्यान गुमाउनु परेको समाचारहरु बाहिर आएका छन् । सुत्केरी हुँदा ज्यानको जोखिममा रहेको भन्दै कान्देली महिलाअरुले गाउँमै सुरक्षित बच्चा जन्माउने बातावरण सिर्जना गर्न मेयर लामालाई आग्रह गरेका छन् ।

चार घण्टा हिडिसकेपछि पाइने बोलेरो चढेर स्वास्थ्य सेवाको लागि भण्डारा आउनु पर्ने अबस्था रहे को छ । कान्दामा खानेपानी छैन । विजुली नहुँदा अन्धकारमा बस्नुपर्ने अबस्था रहेको छ । विद्यालय नहुँदा बालवालिका शिक्षाबाट बन्चित छन् । जनतासंग मेयर कार्यक्रममा कान्दालीहरुले काहालीलाग्दो अबस्थाबाट गुज्रिएको कान्दाका बासिन्दालाई नेताहरुले भोट बैंकको रुपमा प्रयोग गरेको र जीविनस्तर उकास्ने कुनै पनि काम नगरेको गुनासो गरेका छन् । कान्दामा रहेको एक मात्र विद्यालय कान्देश्वरी आधारभुत विद्यालयमा कक्षा सात सम्म मात्र पढाई हुन्छ । सात कक्षा पढिसकेपछि ८ कक्षा पढ्न अनेत्र जानुपर्ने बाध्यताका कारण चेपाङ बालबालिकाले बीचमै पढाई छोड्ने गरेको विद्यालयका प्रधानाध्यापक बालकृष्ण थपलियाले जानकारी दिए । लक्ष्मी प्रतिष्ठान भन्ने संस्थाले १३० जना भन्दा बढी विद्यार्थीलाई आवास सहित सेवा दिदै आएको छ । प्रतिष्ठानका अध्यक्ष बिष्णु गौतमले आबासीय सुविधाका लागि स्थानीय सरकारले सहयोग गर्नुपर्ने बताए । जनतासंग मेयर कार्यक्रममा वडा नं ७ की अध्यक्ष सुमिता डल्लाकोटीले राप्ती नगरपालिकाले स्थानीय सरकारको जिम्मेवारी पुरा गर्न सदैव तयार रहेको बताइन् । जनताको गुनासो सुन्ने र सुनाउने मात्र होइन समाधानमा लागि परेको भन्दै उनले यो सिलसिला सदैव चलिरहने बताइन् । कान्देलीको गुनासो सुनिसकेपछि मेयर लामाले गर्भबती महिलाहरुको जीवन रक्षाका लागि महिलाले सुरक्षित तरिकाले बच्चा जन्माउन सक्ने सुविधा सहितको स्वास्थ्य संस्था कान्दामा स्थापना गर्ने प्रतिबद्धता जनाए । कान्दामा स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने, कान्दामा इन्टरनेटको पहुच, कालिटारवाट सडक ट्याक खोल्ने सुरु भइसकेको जानकारी दिए । कार्यक्रममा मेयर लामाले कान्दाको विकासको लागि स्थानीय सरकारले गर्ने योजना समेत सुनाएका छन् ।

वाकि पेज नं २ मा


राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय


राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. २०८०।०८१
च.नं.

मितिः २०८०।१०।०४

सूचना। सूचना।। सूचना।।!

स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यक्रम

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छि विकास मन्त्रालय, कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम "स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यक्रम" मा प्रस्तावना पेश गर्ने मिति २०८०/०९/२६ गते ३० दिनको समय राखि सूचना प्रकाशित भएकोले सो सूचना यसै साथ संग्लन राखिएको छ। इच्छुक आवेदकहरुले उक्त कार्यक्रममा सहभागि हुनाको लागि कृषि विकास निर्देशनालयमा आवेदन पेश गर्नुहुन आदेश अनुसार सुचित गरिन्छ।

नोटः साथै उक्त कार्यक्रम कार्यान्वयन कार्यविधि निर्देशनालयको वेवसाइट http://doad.bagamati.gov.np बाट डाउनलोड गर्न सक्नुहुनेछ।

## नगरवासीमा अनुरोध

नगर भित्र रहेका प्राकृतिक सम्पदा, पर्यटन तथा सास्कृतीक सम्पदाको संरक्षण गरौ ।

- राप्ती नगरपालिका चितवन

# खेलकुदमा पोत्साहन





अण्डर -19 राष्ट्रिय क्रिकेट प्रतियोगिता प्रथम मैयादेवि कपको लागि टिम बागमती प्रदेशको खेलाडी छनौटको लागि राप्ती नगर पालिकाको ४ खेलाडी लक्ष्मी माया रुम्बा लामा (रोमा ), खिम कुमारी लामा, सविना विक र अनिता नेपालीलाई राप्तीका नगर प्रमुख शमशेर ज्युले काठमाण्डौ को लागि विदाई तथा उच्च मनोवल साथै हौसला प्रदान गर्नु भएको छ ।

## राप्ती नगरवासीलाइ निशुल्क रगत

राप्ती नगरपालिका नगर प्रमुख शमशेर लामा ज्युले रगतको अभाव र जनताले भोग्दै आउनु भएका समस्या समाधानको लागी निशुल्क रगतको व्यवस्था गर्नु भएको छ । नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार केन्द्रसंगको सहकार्यमा निशुल्क रगतको व्यवस्था रहेको छ ।

- निशुल्क रगत पाउन के के गर्नुपर्छ ?
- विरामी राप्ती नगरवासी हुनुपर्छ ।
- विरामीको परिचय खुल्ने कुनै पनि परिचय पत्र देखाउनु पर्छ ।

निशुल्क रगतको लागी : ०५६-५९५८८०



राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हदी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. २०८०/०८१
च.नं.
मिति २०८०/१०/१४

सूचना॥ सूचना॥ सूचना॥

विषय:-कार्यक्रमहरुको म्याद थप सम्बन्धमा।

उपरोक्त विषयमा राप्ती नगरपालिका कृषि तथा पशुपन्छी विकास शाखाको आ.व २०८०/०८१को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरुको प्रस्तावना पेशको लागि मिति २०८०/०९/१२ र २३ गते २१ दिनको सूचना प्रकाशन गरिएको र उक्त सूचनाको म्याद आदेश अनुसार मिति २०८०/१०/२१ गते सम्म समय थप गरिएको व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ।

तपसिलमा:-

| क.स. | कार्यक्रमको नाम | लक्ष्य | अनुदान रकम( रु हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | हरेक वडामा कृषि लक्षित कार्यक्रम ५०% अनुदान फलफुल मसला वाली मौरी पालन तरकारी केरा खेति लगायत | १ | ६०,०० | |
| २ | ५०%अनुदानमा स्यालो र ड्रिप येरिङ | १ | १३,०० | |
| ३ | फलफुल (कागती र ड्रागन फ्रुट) प्रवर्द्धन कार्यक्रम | १ | १०,०० | |
| ४ | ८०% लागत सहभागितामा वडास्तरिय पशु प्रवर्द्धन कार्यक्रम | १ | २५,०० | |
| ५ | ५०% माछा प्रवर्द्धन कार्यक्रम | १ | ४,०० | |
| ६ | ८०% लागत सहभागितामा गोठ सुधार निर्माण कार्यक्रम | १ | १०,०० | |

सादर अवगतार्थ
श्रीमान् नगर प्रमुख ज्यू,
श्रीमान् नगर उप-प्रमुख ज्यू,
श्रीमान् प्र.प्र.अ ज्यू,
सुचना प्रविधि शाखा: वेबसाइटमा अपलोड गरिदिनु हुन साथै सबै वडा कार्यालयलाई मेल गरिदिनुहुन।

रक्षा उप्रेती
कृषि अधिकृत

आफ्नो नजिककैको वडा कार्यालयमा गएर नगरवासीले पाउनु पर्ने सेवा सुविधाको बिषयमा जानकारी लिनुहोस ।

## जनतासंग मेयर........

विभिन्न दातृ निकाय संगको सहकार्यमा खानेपानीमा विस्तार गर्ने, सचेतना मुलक कार्यक्रमको आयोजनामा सहजीकरण गर्ने, कान्दामा एकीकृत वस्ती निर्माण गर्ने, विद्यालयको नतिजाको आधारमा कक्षा ८ सम्मको स्वीकृती गर्ने र गराउने, सुरु गरिएको सडक निर्माणलाई निरन्तरता दिने र सुत्केरी आमालाई सुरक्षित सुत्केरी गर्ने र गराउने व्यवस्था गरिने मेयर लामाले जानकारी दिए । राप्ती नगरपालिकाको लागि नेपाल व्युटि प्याराडाइज प्रालिको समन्वयमा जनतासंग मेयर कार्यक्रम सुरु भएको हो । राप्तीकै १३ वटा वडाका ३५ टोल र समुदायमा मेयर शमशेर लामाको उपस्थितिमा जनताका गुनासो सुन्ने कार्यक्रम हुनेछ । यो दोस्रो सस्करण हो ।

**जन्म, मृत्यु र बसाईसराई व्यक्तिगत घटनाहरू आ-आफ्नो वडा कार्यालयमा दर्ता गराऔं ।**

राप्ती नगरपालिकाको कार्यालय
भण्डारा चितवन

## प्रकाशकीय

### शुभारम्भ

राप्ती नगरपालिकाले पछिल्लो समय जनतालाइ सुचना प्रवाहमा महत्वपुर्ण भुमिका खेल्दै आइरहेको छ । जनताले पाउनु पर्ने सुचनाको लागी राप्ती नगर पालिकाले जहिले पनि सकरात्मक भुमिका निर्वाह गर्दै आइरहेको छ ।

नगरले गरेका विभिन्न गतिविधिलाइ समेत वेभसाइट, सामाजिक सञ्जाल स्थानीय सञ्चार माध्यमवाट प्रशारण गर्दै आइरहेका छौ ।

जनताले गरेका सुचना गतिविधिलाइ अझ व्यवस्थित गर्न र गराउनको लागी ई-बुलेटिन प्रकाशनमा ल्याएका छौ । महिनाको १५ गते र २८ गतेका दिन राप्ती नगरपालिकाको पाक्षिक गतिविधि सहितको विवरण समावेश गरेर बुलेटिन नगरपालिकाको आधिकारिक वेभ साइटमा प्रकाशित गरिनेछ ।

यो माध्यम वाट नगरको नियमित कामलाइ दस्ताभेजको रुपमा राख्न मद्दत पुग्नेछ । नगरको गतिविधिलाइ व्यवस्थित गर्ने र गराउनको लागी ई-बुलेटिन एउटा महत्वपुर्ण अभिलेख रहनेछ ।

राप्ती नगरभित्र रहेका जनताले नगरको गतिविधिलाइ प्रत्यक्ष रुपमा हेर्न र सहभागि रहन सक्नुहुनेछ ।

नगर भन्दा वाहिर रहनु भएका नगरवासीको लागी ई-बुलेटिनले सुचना प्रवाह गर्नको लागी सहयोग पुग्नेछ ।

राप्ती नगर वासी जो जहा रहनु भएपनि नगरपालिकाको गतिविधिलाइ सहज रुपमा हेर्न र पढ्न पाउने अवसरको रुपमा बुलेटिनले सहयोग गर्नेछ ।

### महत्वपुर्ण सर्म्पक नम्वर

राप्ती नगरपालिका चितवन : ०५६-५५००१५
राप्ती नगर प्रमुख : ९८५५०६२२३२
राप्ती नगर उपप्रमुख : ९८५५०५०६१०
सुचना अधिकारी : दिपक थिङ : ९८६०८३६३७४
भण्डारा अस्पताल : ०५६-५५००३७
निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५
निशुल्क रगतको लागी : ०५६-५९५८८०
जिल्ला प्रहरी कार्यालय चितवन : १००
इ. प्रहरी कार्यालय भण्डारा : ९८५५०२०३०३
दमकल :०५६५९८२५४६
विद्युत प्राधिकरण भण्डारा : ०५६-५५०३६६
राप्ती उद्योग वाणिज्य संघ : ९८५५०६६३२२

सञ्चार माध्यम सर्म्पक न
हाम्रो राप्ती एफ एम : ९८५१०७४०६२
बिशाल न्युज दैनिक : ९८४३६०५३२८
सजिलो पाटी मिडिया : ९८११९८६०८७
द भ्वाइस अफ इण्डिजिनियस : ९८६५५१३५५३
द भ्वाइस अफ नगर : ९७६२३४५७४५

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भण्डारा, चितवन, बागमती प्रदेश, नेपाल

# नागरिक वडापत्र

[illegible]

